आज मिति २०७६ साल पौष ११ गते शुक्रबारका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको सतचालिसौं कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रह्यो ।

उपस्थिति

| क्र.सं | पद | नामथर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री ज्ञानमाया डंगोल | | |
| ३ | वडा अध्यक्ष/न.का.स | श्री श्रीकृष्ण अधिकारी | | |
| ४ | वडा अध्यक्ष/न.का.स | श्री दिपकराज जोशी | | |
| ५ | वडा अध्यक्ष/न.का.स | श्री सिंहराज श्रेष्ठ | | |
| ६ | वडा अध्यक्ष/न.का.स | श्री धर्मेन्द्र श्रेष्ठ | | |
| ७ | वडा अध्यक्ष/न.का.स | श्री जगन्नाथ ढकाल | | |
| ८ | वडा अध्यक्ष/न.का.स | श्री महेश्वर के.सी. | | |
| ९ | वडा अध्यक्ष/न.का.स | श्री नरोत्तम राना | | |
| १० | वडा अध्यक्ष/न.का.स | श्री केशव बहादुर खत्री | | |
| ११ | वडा अध्यक्ष/न.का.स | श्री जोग प्रसाद नेपाल | | |
| १२ | वडा अध्यक्ष/न.का.स | श्री मधुसुदन पाण्डे | | |
| १३ | वडा अध्यक्ष/न.का.स | श्री उत्तम अधिकारी | | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री पार्वती अधिकारी | | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री कल्पना घिमिरे | | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री जगतमाया महर्जन | | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री उर्मिला बि.क. | | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री शोभा तामाङ | | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री लिला भुजेल | | |
| २० | नगर कार्यपालिका सदस्य | श्री बच्चु बस्याल | | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री सन्जिव सुनुवार | | |
| २२ | सदस्य सचिव/प्र.प्र.अ. | श्री प्रदिप पौडेल | | |

## निर्णयहरु

१ पर्यटन वर्ष २०२० (Visit Nepal 2020) भव्यताका साथ मनाउनको लागी तपशिल बमोजिमको नगर स्तरीय समिति गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| का.पा. सदस्य श्री सन्जिब सुनुवार | संयोजक |
| वडा सदस्य श्री हिराकाजी महर्जन | सदस्य |
| वडा सदस्य श्री हरिमान श्रेष्ठ | सदस्य |
| वडा सदस्य श्री राम ठकुरी | सदस्य |
| वडा सदस्य श्री रामभक्त घिमिरे | सदस्य |

२ नापी विभागको मिति २०७६।०८।१९, च.नं. २६६ को पत्रको व्यहोरा बमोजिम इशान बाल तथा महिला अस्पताल प्रा.लि. बसुन्धाराको जग्गा विवाद सम्बन्धमा आवस्यक छानविन गर्नको लागी तपशिल बमोजिमको छानविन समिति गठन गरी यथासिघ्र प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

| | |
|---|---|
| उपमेयर श्री ज्ञानमाया डंगोल | संयोजक |
| नापी कार्यालय, टोखाको अधिकृत स्तरको प्रतिनिधि | सदस्य |
| मालपोत कार्यालय, टोखाको अधिकृत स्तरको प्रतिनिधि | सदस्य |
| सम्बन्धित वडा नं. ५ का वडाध्यक्ष श्री जगन्नाथ ढकाल | सदस्य |
| सार्वजनिक जग्गा संरक्षण समितिका संयोजक श्री दिपक राज जोशी | सदस्य |
| कानुनी सल्लाहकार श्री सत्यनारायण डंगोल | सदस्य |
| कानुनी सल्लाहकार श्री दुर्गा प्रसाद अर्याल | सदस्य |
| नगरपालिका अमिन श्री विजयालक्ष्मी डंगोल | सदस्य |
| नक्सा शाखा प्रमुख श्री अनुषा शर्मा | सदस्य सचिब |

३ वडा नं २ र ३ को टोखा बस्ति भित्रको सडक निर्माण गर्ने कार्यको लागी स्विकृत लागत अनुमान भन्दा बिनियोजित रकम कम भएकोले नपुग रकम रु. १ करोड आगामी नगर सभा बाट अनुमोदन गर्ने गरी सो कार्य प्रकृया अघि बढाउने निर्णय गरियो ।

४ टोखा न.पा. वडा नं. २ मा छाडा पशु चौपायाको व्यवस्थापनको लागी कान्जी हाउस निर्माण गर्ने निर्णय गरियो ।

५ तपशिल बमोजिमका व्यवसायीहरुलाई टोखा नगरपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि, २०७५ बमोजिम घ बर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

तपशिल

- मेन्भिन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.,टोखा न.पा. १०

- भिमसेन कन्स्ट्रक्सन प्रा.लि., टोखा न.पा. ९
- बि.एण्ड डी.निर्माण सेवा, टोखा न.पा. १०
- के.एस.आर निर्माण सेवा, टोखा न.पा. १०
- एल.ए.कन्स्ट्रक्सन प्रा.लि.टोखा न.पा. १०
- श्री गोरखकाली कन्स्ट्रक्सन प्रा.लि.टोखा न.पा. ८
- खाडादेवी निर्माण सेवा. टोखा न.पा. १०
- पावर नेपाल कन्सल्ट एण्ड कन्स्ट्रक्सन प्रा.लि. टोखा न.पा. ६
- स्मार्ट बिल्ट कन्ट्रक्सन प्रा.लि, टोखा न.पा.७, धापासी

६ **रकम विनियोजन सम्बन्धमा :** तपशिल बमोजिमका योजना/कार्यक्रमहरुमा नगरपालिकाको थप श्रोत बाट व्यहोर्ने तथा आगामी नगर सभामा अनुमोदनको लागी पेश गर्ने गरी रकम विनियोजन गर्ने निर्णय गरियो ।

- वडा नं ८ गैरीगाउँको मिलनसार टोल स्थित श्री विरचक्र थामा मगरको घरगेटदेखि पूर्व तर्फको बाटो स्तरोन्नति, ढलान र खानेपानी लाइन विस्तारको लागि रु ५,००,०००। विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं १ स्थित फुलबारी मोटर बाटो ढलान हुँदै गर्दा टिफर पल्टिन पुगी बाटो समेत भासिएको र बाटो ढलान गर्नुपूर्व पक्की साइड वाल निर्माण गर्नुपर्ने माग भएकोले उक्त बाटोको पुन स्टेमेट गरी रु. २ लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं ७ स्थित त्रियोग गेटदेखि डि.आई.जी. को घरसम्म खानेपानी पाईप फेर्ने तथा सडक पक्की गर्ने कार्यको लागि रु ५,००,७९४। थप बजेट उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं. ६ स्थित दिपक तुलाधरको घर देखी गणेश शर्माको घर सम्म २०० मि. सडक कालोपत्रेको लागी आ.व. २०७६।७७ को लागी रु. १० लाख विनियोजन भएकोमा सो रकम नपुग हुने भएकोले थप रु. १० लाख अपुग रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ११ स्थित कृष्ण बहादुर खत्रीको घर देखी केशब ढकालको घर हुदै अधुरो रहेको करिब ४० मिटर ढलको काम तथा खानेपानीको कामको लागी ल.ई. बमोजिमको रु. ३५१९४०.३६ विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ११ स्थित निर्मल बाटिका टोल सुधार समितिको माग अनुसार गणेश श्रेष्ठको घर देखी टेक बहादुर अर्यालको घर सम्म विरेन्द्र घिमिरेको घर देखी हेम राज ढकालको घर सम्म दिलिप क्षेत्रीको घर देखी विरेन्द्र पौडेलको घर हुँदै जित बहादुर खड्काको घर सम्म मंगाल, मेनहोल कभर र पिच गर्ने कार्यको लागीस् ल.ई. बमोजिम रु. १५५६४९८ रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ७ स्थित सरिता थापाको गल्लीमा ब्लक छाप्ने कार्यको लागी रु. १,००,००० विनियोजन गर्ने निर्णय गरियो ।
- आ.व. २०७५।७६ मा ठेक्का पट्टा भई कार्य समपन्न समेत भई सकेको पवृत हार्डवेयर देखी नर्थ क्याफे सम्मको बाटो पिच गर्ने कार्यमा थप गर्नु पर्ने कार्यको लागत अनुमान तयार गर्दा रु. ३१३९८६।४२ हुन आएको र अघिल्लो मिति २०७६।८।६ गतेको बैठकले रु. २३२०८३।२४ मात्र

बिनियोजन गरेकोले सो कार्यमा थप रकम रु. ८१,०९३।१८ विनियोजन गरी सो कार्य कोटेशन मार्फत अघि बढाउने निर्णय गरियो ।

- वडा नं. ३ स्थित बसपार्क मर्मत सम्भारको लागी ल.ई. बमोजिमको रकम विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ११ स्थित आ.व. ७६।७७ मा नगरसभा बाट स्विकृत योजनाको सि.नं. ६६१ सडक स्तरोन्नतीमा बजेट विनियोजित भएकोमा ढल तथा खानेपानी व्यवस्थित गर्न रकम अपुग हुने भएकोले रु. २० लाख थप रकम विनियोजन गर्ने निर्णय गरियो ।

७ **६०/४० योजना सम्बन्धमा :** तपशिल बमोजिमका योजनाहरुमा नगरपालिकाले ६० प्रतिशत र सम्बिन्धित उपभोक्ता समिति/टोल विकास सँस्थाहरुबाट ४० प्रतिशत व्यहोर्ने गरी समपूरक कोष बाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

- वडा नं १ अन्तर्गत पर्ने मेन रोडबाट शाखा रोड त्रिवेणी मार्ग ढलान तथा स्तरोन्नतिको लागि समपुरक कोषबाट रु ३० लाख रकम उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं ६ स्थित युनिक कोलनी टोल विकास संस्थाभित्र सडक ढलान, खानेपानी र ढलको कार्य सम्पन्न गर्न अपुग रकम रु १२,००,०००। समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं ३ स्थित श्री उज्यालो बस्ती टोल विकास संस्थालाई ढलमलमा सडक ढलान गर्नको लागि स्विकृत ल.ई. को ६० प्रतिशत रकम समपुरक कोषबाट उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं. ७ स्थित ढुंगेधारा हाईट सडक निर्माण एवं खानेपानी तथा सरसफाई समितिलाई बाटो पक्की गर्ने कार्यको लागी समपूरक कोष बाट रु. १२,००,००० बिनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ७ स्थित शिव मन्दिर टोल विकास समितिलाई समितिलाई शिशु स्याहारको पछाडी समपूरक कोषबाट रु. ६,००,००० विनियोजन गर्ने निर्णय गरियो ।
- वडा नं. ७ स्थित आदर्श कोलोनीको उत्तर पट्टिको सडकमा पक्की गर्ने कार्यको लागी ल.ई. बमोजिमको रकमको ६० प्रतिशत रकम समपूरक कोषबाट विनियोजन गर्ने निर्णय गरियो ।

८ **योजना संशोधन सम्बन्धमा :** तपशिल बमोजिमका योजनाहरुलाई संशोधन गरी आगामी नगर सभामा अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो ।

| सि. नं. | वडा नं. | साविकको योजना | रकम रु. | संशोधन गर्नुपर्ने योजना | रकम |
|---|---|---|---|---|---|
| १. | ६ | सि.नं ४३५ खाँडादेवी हार्डवयरको अगाडि देखि रोयल हाउजिङ अधिकारीको घर सम्म कालोपत्रे | पाँच लाख | सि.नं ४३५ खाँडादेवी हार्डवयरको अगाडि देखि रोयल हाउजिङ अधिकारीको घर सम्म सडक ढलान | |
| | | सि.नं ४५४ चुडा अधिकारीको घर हुँदै टोखारोड जोड्ने सडक | पाँच लाख | सि.नं ४५४ चुडा अधिकारीको घर हुँदै टोखारोड जोड्ने सडक ढलान | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | कालोपत्रे | | | |
| २. | ३ | सि.नं. ३१५ नारायण मन्दिर मर्मत | | नारायण पोखरी परिसर पार्क निर्माण | |
| ३. | ६ | सि.नं ४४३ सिंगापुर कोलनी हुँदै दिनेश काफ्लेको घरसम्म सडक पिच | दश लाख | सिंगापुर कोलनी हुँदै दिनेश काफ्लेको घरसम्म सडक ढलान | दश लाख |
| ४ | ८ | सि.नं. ५३१ जलपा हाइटबाट रामकाजीको घर जाने बाटो ढलान | | टोखा रोडबाट घनश्याम पानी फ्याक्ट्री हुँदै विष्णुमति खोलासम्मको ढल मर्मत | |
| ५ | ४ | सि.नं. ३८४ पुस्तकालय व्यवस्थापन | १,५०,००० | पुस्तकालय व्यवस्थापन | ७५,००० |
| | | | | धापासी मा.वि. का विद्यार्थीहरुको लागी शैक्षिक भ्रमण | ७५,००० |
| ६ | ९ | सि.नं. ५८५ दिपज्योती मार्ग बाट दक्षिण तर्फ बुद्ध मार्ग जोड्ने बाटोमा खानेपानी विस्तार | ७,००,००० | महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई अध्ययन अवलोकन भ्रमण | १,००,००० |
| | | | | दिपज्योती मार्ग बाट दक्षिण तर्फ बुद्ध मार्ग जोड्ने बाटो पक्कि योजना | ६,००,००० |
| ७ | ८ | सि.नं. ५५७ वडा स्तरीय जनचेतनामूलक कार्यक्रम पाठेघर क्यान्सर | | स्वयंसेविका भ्रमण | १,००,००० |
| ८ | १० | सि.नं. ६५० मर्मत संभार, विविध तथा भैपरी | | गोंगबु स्वा.चौ.का महिला स्वयंसेविकाहरुको अवलोकन भ्रमण | १,००,००० |
| ९ | ७ | सि.नं. ५२३ जुनतारा क्लब खेलकुद सामाग्री | | टोखा न.पा. भित्रका क्लव तथा सामुदायिक विद्यालयहरुलाई वडा कार्यालयबाट खेलकुद सामाग्री वितरण | |
| १० | ७ | सि.नं. ५२१ नगरपालिका अगाडी पार्क ग्रिनरी गर्ने कार्य | | दाहालगौंडा पार्कलाई व्यवस्थापन गर्ने कार्य | |
| ११ | ३ | सि.नं. ७६७ जालपादेवी टोलमा बानियाँटार मूल बाटो देखि कार्कीटोलमा ढल तथा खानेपानी पाईपलाईन विस्तार | | जालपादेवी टोलमा बानियाँटार मूल बाटो देखि कार्कीटोलमा बाटो निर्माण | |

९ **आर्थिक सहायता सम्बन्धमा** :

- भोर महाँकाल माध्यमिक विद्यालयमा कक्षा संचालनको क्रममा दुर्घटना भई घाइते भएका विद्यार्थी रसिद कार्कीलाई उपचार खर्च वापत रु. ५०,००० रकम उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं ११ स्थित राजन राईको पसल आगलागी बाट ध्वस्त भएकोले निजलाई राहात स्वरुप रु. ५०,००० उपलब्ध गराउने निर्णय गरियो ।
- यस नगरपालिका आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारी श्री रमेश थापालाई औषधी उपचारको लागी रु. २०,००० उपलब्ध गराउने निर्णय गरियो ।
- नगर सभा सदस्य श्री लिला अधिकारीलाई आर्थिक सहायता स्वरुप रु. ५०,००० उपलब्ध गराउने निर्णय गरियो ।

१० **विविध :**

- यस नगरपालिकामा ICT सम्बन्धि विज्ञता आवस्यक रहेकोले श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई Korea Overseas volunteer(KOV) Program अन्तरगत ICT Volunteer आवस्यकता सम्बन्धमा पत्राचार गर्ने निर्णय गरियो ।
- मनोहर मा.बि. का शिक्षक श्री माधव प्रसाद भट्टराईलाई सो विद्यालयको प्र.अ. को रुपमा नियुक्त गर्ने निर्णय गरियो ।
- वडा नं ४ स्थित धापासी मा.वि. को लागि सो विद्यालय नजिक रहेको साविक धापासी गा.वि.स. वडा नं १ कि.नं ५८ को क्षेत्रफल ४-१५-०-० को नेपाल सरकारको नाममा कायम जग्गा प्रचलित कानुन बमोजिम लिजमा दिने प्रकृया अघि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।
- यस टोखा नगरपालिका भित्रका सम्पूर्ण महिलाहरुको समग्र हितका निम्ति "उपमेयरसँग आज " नामक साप्ताहिक कार्यक्रम टेलिभिजन मार्फत संचालन तथा प्रशारण गर्ने निर्णय गरियो ।
- यस टोखा नगरपालिका भित्रका सम्पूर्ण बालबालिकाहरुको समग्र हितका निम्ति "बालबालिका सँग मेयर " नामक अर्ध साप्ताहिक कार्यक्रम टेलिभिजन मार्फत संचालन तथा प्रशारण गर्ने निर्णय गरियो ।
- वडा नं १०,११ र ९ को सिमानामा रहेको गणेशथानको सडक सिमाना छुट्याएर लगत ईस्टिमेट अनुसार पर्खाल लगाउने निर्णय गरियो ।
- वडा नं १० निवासी लेखक, संकलक रमेश अधिकारी (जिज्ञासु) ले प्रकाशन गर्न लागेको पुस्तक **प्रकृति विज्ञान र बुद्ध** को प्रकासनको लागि सहयोग स्वरुप रु. ३०,००० उपलब्ध गराउने निर्णय गरियो ।
- वडा नं ४ स्थित श्रीकृष्ण मन्दिरमा विवाह पञ्चमिको दिन विवाह पञ्चमी पर्वका साथै चतुरमासा पुराणको साङ्गता समेतको पूजा कार्यक्रम गर्न रु ३५,०००। उपलब्ध गराउने निर्णय गरियो ।
- टोखा चण्डेश्वरी प्रा. स्वा. के. को माग बमोजिमका सामाग्रीहरु जेनेरेटर, ए.सि., वासिङ मेसिन उपलब्ध गराउने र चौकीदारको लागि duty room निर्माण गर्ने निर्णय गरियो ।

- वडा नं. ७ स्थित एकता समूहलाई ७० वर्ष पूरा गरेको वृद्धहरु १ दिन धार्मिक स्थल घुमाउन रु. ५५,००० उपलव्ध गराउने निर्णय गरियो ।
- नगरपालिकाका कर्मचारीहरुको ONM Survey गरी नयाँ संगठन संरचना तयार गरी आगामी नगर सभामा स्विकृतिको लागी पेश गर्ने निर्णय गरियो ।
- Visit Nepal 2020 मनाउने सन्दर्भमा यहि मिति २०७६।०९।१६ गते दशरथ रंगशालामा झाँकी, लाखे नाच सहित सहभागी हुने सहभागीलाई प्रति व्यक्ति रु. १,००० तथा अन्य विविध खर्च गरी सो समारोहको लागी रु. ८५,००० उपलव्ध गराउने निर्णय गरियो ।
- टोखा न.पा. वडा नं. २ मा एकिकृत बधशाला निर्माण गर्ने निर्णय गरियो ।
- विष्णुमति सपनतिर्थ करिडोर निर्माणको प्रकृया अघि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।
- टोखा चण्डेश्वरी प्रा. स्वा. के. मा X- Ray मेसिन खरिद गरी उपलव्ध गराउने निर्णय गरियो ।
- टोखा चण्डेश्वरी प्रा. स्वा. के. को लागी एक जना Radiologist र एक जना Lab Assistant माग गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो ।
- आ.व. २०७६।७७ को नगरसभा वाट स्विकृत टोखा बि डिभिजन क्लवको लागी सहयोग रु. ५ लाख विनियोजन भएकोमा टोखा नगरपालिकाका बि डिभिजन क्लवहरु माथिल्लो डिभिजनमा क्वालिफाईड भएको अवस्थामा सहहयोग रकम रु. ५ लाखको सट्टा रु. ८ लाख उपलव्ध गराउने र आगामी नगर सभामा अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो ।
- वडा नं. ५ अनतरगतका सबै किसिमका सडक, ढल, मंगल, विद्युत, मठमन्दिर लगायत सबै किसिमका योजनाहरुको स्विकृत ल.ई. बमोजिम हुने गरी मर्मत सम्भारको लागी मर्मत सम्भार कोषमा रु. १० लाख थप गर्ने निर्णय गरियो ।
- वडा नं. ४ र ८ को कार्यालय भवनको DPR तयार गर्ने प्रकृया अघि बढाउने निर्णय गरियो ।
- ९ नं. वडा कार्यालयको लागी पैँसा गन्ने मेसिन खरिद गर्ने निर्णय गरियो ।
- Visit Nepal 2020 को सन्दर्भमा सम्पूर्ण वडा कार्यालयहरुले आ आफ्नो वडा अन्तरगतका धार्मिक, साँस्कृतिक तथा अन्य सार्वजनिक स्थलमा सप्ताहव्यापी रुपमा सरसफाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।
- वडा नं. ८,९,१० र ११ अन्तरगतको मालपोत कार्यालयलाई डिल्लिबजार बाट टोखा मालपोतमा ल्याउन सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।
- टोखा चण्डेश्वरी प्रा. स्वा. के. मा Anti Rabiz vaccine anti snake vaccine को व्यवस्थापन गर्ने र विस्तारै न.पा. भित्रका अन्य स्वास्थ्य सँस्थाहरुमा समेत उपलव्ध गराउने निर्णय गरियो ।
- सम्पूर्ण नगरवासीहरुलाई आफूले घरमा पालेको कुकुरको विवरण सम्बन्धित वडा कार्यालयमा उपलव्ध गराउन अनुरोध गर्ने र सम्पूर्ण वडा कार्यालयहरुले आफ्नो वडा अन्तरगतका घर पालुवा कुकुरहरुको विवरण राख्ने निर्णय गरियो ।
- वडा कार्यालयहरु वट सिफारिस भई आएका Boring खानेपानीको निर्माण कार्य प्रकृया अघि बढाउने निर्णय गरियो ।

- अन्तर नगरपालिका मेयरकप फूटवल तथा नगरस्तरीय मेयरकप क्रिकेट प्रतियोगिताको लागी आवश्यक वजेट विनियोजन गर्ने निर्णय गरियो ।
- भूतखेल चौरमा पुरुष तथा महिलाको लागी १-१ वटा सौचालय निर्माण गर्ने निर्णय गरियो ।
- टोखा ३ भूतखेल चौरमा बहुउद्येश्यीय खेलकुद मैदान निर्माणको DPR तयारीको कार्य प्रकृया अघि बढाउने निर्णय गरियो ।

➢गुल्मीको छत्रकोट गाउँपालिका सँग भगिनी सम्बन्ध कायम गर्नको लागी कार्य प्रकृया अघि बढाउने निर्णय गरियो । साथै नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरु द्धारा कास्की, स्याङ्जा, पाल्पा, गुल्मी, रुपन्देही, चितवन जिल्लाका स्थानीय तहको अध्ययन अवलोकन भ्रमण गर्ने निर्णय गरियो ।

➢आ.व. २०७६।७७ को नगरसभा वाट स्विकृत योजना पुस्तिकामा वातावरण तथा विपद् शिर्षक अन्तरगत विपद् सम्बन्धी कार्यक्रम मात्र परेकोले वातावरण शिर्षकमा समेत खर्च गरी आगामी नगरसभामा अनुमोदनको लागी पेश गर्ने निर्णय गरियो । सोही शिर्षक वाट कम्पोष्ट विन खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

➢वडा नं. १० मा उद्घोषण तालिम संचालनको लागि रु. ५ लाख उपलब्ध गराउने निर्णय गरियो ।

➢दाहालगौडा ग्रीनल्यान्ड सडकको शिर्षक परिवर्तन गरी "खरिको बोट देखी तिलिङ्टार चौकी सम्म खानेपानी, ढल तथा सडक पक्कि" नयाँ शिर्षक कायम गर्ने निर्णय गरियो ।

➢ललितपुर महानगरपालिकामा संचालित प्रदेशस्तरीय अन्तरमेयरकप भलिबल प्रतियोगिताको लागि यस न.पा. बाट समेत भाग लिने गरी खेलकुद शिर्षक बाट रु. ३ लाख रकम विनियोजन गर्ने निर्णय गरियो ।

➢आ.व. २०७६।७७ को लागी नगरसभावाट स्विकृत स्वास्थ्य तर्फको कार्यक्रममा बर्थिङ सेन्टर सन्चालनका लागी करार अन.मि. नर्स भर्ना शिर्षकमा विनियोजित बजेट बाट एक एक जना स्टाफ नर्स तथा एच.ए. करारमा नियुक्त गर्ने निर्णय गरियो ।